काठमाडौं महानगरपालिका

# आधारभूत तह परीक्षा - २०८१

## नेपाली

कक्षा : ८ पूर्णाङ्क : ५०

समय : २ घण्टा

*विद्यार्थीले उत्तर दिंदा सिर्जनात्मक र मौलिक तरिकाले उत्तर दिनुपर्ने छ।*

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् :** (२)

| बैना | शाश्वत | सदरमुकाम | बिउ | गेडागुडी |
|---|---|---|---|---|

(क) कहिल्यै पनि नास नहुने ........................

(ख) जिल्ला वा प्रदेशको मुख्य प्रशासनिक स्थल ...................

(ग) विश्वासका निम्ति पहिल्यै नै दिइने रकम ..........................

(घ) रोप्न वा छर्न राखिएको अन्न आदिको गेडा .....................

**२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् :** (२)

(क) 'लता' को पर्यायवाची शब्द ................ हो। (कपडा, पत्र, लहरा)

(ख) ...................अनेकार्थी शब्द हो। (साग, उत्पन्न, खाग)

(ग) 'आँप' को समावेशक शब्द .............हो। (रुख, अन्न, फलफूल)

(घ) 'सार्थक' शब्दको विपरीतार्थी शब्द ......... हो। (अनुकूल, निरर्थक, व्यर्थ)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (२)

नाच्न नजान्ने आँगन टेढो, भुसुक्क

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् :** (१)

(अ) अनुसासन, अनुशासन, अनुसाशन, अनुशाषन

(आ) वास्तवमा, वास्तवमा, वास्तवमा, वास्तवमा

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** (२)

मानीस जिवन निर्वाहकाक्रममा विभिन्न शङ्का गर्न पुग्छन्

६. **रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :** (२)

हिजो डोल्मा बहिनीले मेरो दाजुलाई झोला बोकाएर पठाउनुभएछ त्यसैले म रिसाएको छु ।

७. **दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :** (२)

(क) अनिल राय असल ........। (बन् : सामान्य वर्तमान)

(ख) सानीले पानी ..................। (ल्याउ : पूर्णभूत)

(ग) म कविता ...................। (लेख् : इच्छार्थ)

(घ) हामी वनवास .................। (जा : सम्भावनार्थ)

८. **दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** (३)

(क) ऊ कथा लेख्ला । (स्त्रीलिङ्ग)

(ख) केटो पास हुन्छ । (अकरण)

(ग) अल्ताफ किताब पढ्छ । (कर्मवाच्य)

९. **दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् :** (३)

मेरी हजुरआमा, परिवारको भविष्य निर्माता नै हुनुहुन्छ । उहाँको ममतामयी काखसाख नपाएको भाए म कस्तो हुन्थेँ होला । धेरैधेरै वात्सल्यको खानी छ उहाँमा । आफ्नो आँखामा राखे पनि नबिझाउने मेरी हजुरआमा ! अहिले निधारभरि चाउरी परेका रेखैरेखा देखिन्छन् । गालासमेत भित्र पसिसकेका छन् । लठी टेकेर हिँड्नु हुन्छ । कडा मिजास चाहिँ अझै बाँकी छ । यस उमेरमा पनि प्रतिदिन खेतबारीसम्म पुगेर आउनुहुन्छ । उहाँका न कान बन्द छन् न त आँखामा चस्मा लगाउनुपर्ने अवस्था छ । आफू त परिवारको कान्छो सदस्य ! मैले उपहार नै दिनुपर्छ भन्ने के छ र ! मै आफैँ अनमोल उपहार हुँ । भोलिपर्सि कमाउन थालेपछि दिउँला । सामाजिक अवस्था नै यस्तै भएपछि शारीरिक अवस्थालाई हेरेर हजुरआमाको भौतिक उपस्थिति नै अतुलनीय छ ।

(क) अनुच्छेदबाट एउटा उपसर्ग र एउटा प्रत्यय लागेर बनेको शब्द पहिचान गरी लेख्नुहोस् ।

(ख) अनुच्छेदबाट एउटा द्वित्व भएर बनेको शब्द र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस् ।

(ग) माथि रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति पहिचान गरी त्यसको नाम लेख्नुहोस् ।

१०. **दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** (४)

हामी जुन वातावरणमा जन्मियौं, हुर्कियौं र आज जुन जीवन बाँचिरहेका छौं, यो सबै प्रकृतिको देन हो । यो विश्व कसैले बनाएको होइन र कसैले सञ्चालन गरेको होइन । जल, जमिन, हावा, अन्तरिक्ष र तापक्रमको आफ्नै नियम छ । त्यसलाई नै हामीले प्रकृति भनेका हौं । मानिसको बुद्धि र परिश्रमले उत्पादन गरेका साधनले प्रकृतिको यो नियमलाई जित्न सक्दैन । सूर्य, चन्द्रमा, समुद्र, पृथ्वीको बनोट, पशुपन्छी, जीवजीवाणु तथा वनस्पति सबै प्रकृतिले नै सिर्जना गरेका हुन् । प्रकृति सिर्जनशील छ । यस्ता कुनै कुरा विज्ञानले आजसम्म निर्माण गर्न सकेको छैन र भविष्यमा पनि बनाउन सक्दैन । आज हामीले विकसित भनेका देश पनि प्रकृतिका विरुद्धमा गएर धनी भएका होइनन् । प्रकृतिले दिएका कुराको सदुपयोग गरेर सम्पन्न बनेका हुन् । मान्छेले वर्षौं लगाएर बनाएका कतिपय कुरा प्रकृतिका विरुद्ध भए भने प्रकृतिले एकै झड्कामा स्वाहा पारिदिन सक्छ ।

**प्रश्नहरू :**

(क) प्रकृति भनेको के हो ?

(ख) 'प्रकृति सिर्जनशील छ ।' भन्नुको तात्पर्य के हो ?

(ग) विकसित देश कसरी धनी बनेका हुन् ?

(घ) प्रकृतिलाई किन बलवान् भनिएको हो ?

११. **दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :** (४)

वास्तवमा अल्लो बहुउपयोगी वनस्पति भएकाले यसका मुन्टा, पात, जरा र बोक्रा निकै उपयोगी हुन्छन् । यसबाट धागो तयार गरी झोला, गलबन्दी, कोट, पाइन्ट, बर्को जस्ता उपभोग्य सामग्री उत्पादन, उपभोग र निर्यात गर्ने क्रम बढ्दै गएको छ । नेपालको विभिन्न क्षेत्रमा हुने अल्लोको उपयोगबाट आर्थिक उपार्जनका साथै स्थानीय स्तरमै स्वरोजगार प्रवर्धन गर्न सकिने हुँदा यसको व्यवसायीकरण गर्न आवश्यक देखिएको छ । नेपालमा पनि तयारी पोसाक बिक्री केन्द्रले विगत लामो समयदेखि यस उद्योगमा उत्पादित सामान तथा कपडा झिकाई बेचबिखन गर्दै आएको छ । अहिले बजारमा अल्लोबाट उत्पादित कपडाको माग बढिरहेको छ । विदेशमा समेत निर्यात हुने यस्ता सामग्री उत्पादन गर्ने उद्योगको संवर्धन गर्नुपर्छ ।

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (३)

(क) तल दिइएका बुँदाका आधारमा उपयुक्त शीर्षक दिएर एउटा कथा लेख्नुहोस् :

एउटा मालिकले गधा पाल्नु ...... गधालाई नुन बोकन बजार लैजानु ............ बाटोमा नदी तर्दा गधा नदीमा डुब्नु ............ धेरै प्रयासपछि मात्र गधा बाहिर निस्कन सक्नु ............ गधा र मालिक दुवै खुसी हुनु ............ गधालाई भारी हलुका लाग्नु ......... मालिकले भारी थपिदिने डरले गधाले यो कुरा नबताउनु ............ अर्को पटक मालिकले रुवा बोकन गधालाई बजार लैजानु ......... गधाले नदीमा डुबेको नाटक गर्नु......... गधा उठ्न नसकी त्यहीं मर्नु......... अरूलाई ठग्दा ज्यानै जान सक्ने सन्देश पाइनु ।

(ख) तपाईंले भ्रमण गर्नुभएको कुनै स्थलको एक दिनको दैनिकी लेख्नुहोस् ।

१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (३)

(क) तपाई बसेको वडामा देखिएका खानेपानीको व्यवस्थापन सम्बन्धी समस्या औंल्याउँदै स्थानीय पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस् ।

(ख) तपाईंको विद्यालयमा मनाउन लागिएको अभिभावक दिवसका लागि अभिभावकलाई लेखिने निमन्त्रणा पत्र तयार पार्नुहोस् ।

१४. कुनै एकको भाव विस्तार गर्नुहोस् : (३)

(क) हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए
बन्दैन मुलुक दुईचार सपुत मरेर नगए ।

(ख) मानवका आर्थिक, सामाजिक, सांस्कृतिक नागरिक र राजनीतिक अधिकार हुन्छन् ।

१५. दिइएको प्रबन्धको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (४)

मल्लकालीन नेपाललाई अर्थतन्त्रको स्वर्णकाल मानिन्छ । यस बखतमा उद्योगधन्दा तथा व्यापारिक समृद्धिले नै सबल अर्थतन्त्रको आधारशीला निर्माण भएको पाइन्छ । मल्लकालमा काष्ठकला, वास्तुकला, मूर्तिकला तथा धातुकलाको अत्यधिक विकास भएको पाइन्छ । घरघरमा तान राखेर कपडा बुनिन्थ्यो । तामा, पित्तल र फलामका भाँडाकुँडा उल्लेख्य मात्रामा उत्पादन गरिन्थ्यो ।

**प्रश्नहरू :**

(क) व्यापारिक समृद्धिले के को आधारशीला निर्माण गरेको पाइन्छ ?

(ख) माथिको कथांशले मल्लकालको कुन समयको सङ्केत गरेको छ ?

(ग) मल्लकालीन समयमा कस्ता भाँडाकुँडाको उत्पादन गरिन्थ्यो ?

(घ) यस प्रवन्धको अंशको मुख्य भाव के हो ?

**१६. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **(५)**

**(क) दिइएको कविताको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :**

अब खनौं आफ्नै वाटो कोदाली भएर
हव जोडौं हजारौं सपनाहरू पुल भएर
फर्क युवा हो फर्क
यो देशको इतिहास हामी आफैंले लेख्नुपर्छ ।

**प्रश्न :** 'फर्क आफ्नै देश' कवितामा नेपाली युवालाई किन स्वदेश फर्कन आह्वान गरिएको छ, चर्चा गर्नुहोस् ।

**(ख) दिइएको कथाको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :**

डल्ले खोला जस्ताको तस्तै रह्यो । त्यहाँ न पुलको रूपरेखा देखियो न कुलाको । डल्ले खोलाले आफूभित्र एउटा सन्तोष उमाऱ्यो पुल वनेन त के भो ? कसैको विहे कार्य राम्ररी सम्पन्न भयो । कसैले वसाइँ जानु परेन । उसले भनिरहे जस्तो लाग्यो, मलाई वर्पमा कम से कम दुई पुल हालिदिनू, वर्पमा कम से कम दुई कुलामा लगेर वाँडिदिनू म कागजमा व्युँझन्छु । म सपनामा उदाउँछु ।

**प्रश्न :** डल्ले खोला कथामा कस्तो परिवेशको चित्रण गरिएको छ, समीक्षा गर्नुहोस् ।

**१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् :** **(५)**

(क) मेरो वाल्यकाल

(ख) सुन्दर सहर : महानगर

(ग) खेलकुदको महत्त्व

*समाप्त*